के तपाईं आफ्नो भाडा, धितो (बन्धक), वा युटिलिटीहरू (ग्याँस, पानी, विद्युत, सरसफाइ जस्ता उपभोग गर्ने सेवा) का खर्च भुक्तान गर्नमा ढिलो हुनुभएको छ ? के तपाईं बेदखली, निखन्न पाउने हकमा लगाइएको रोकावट (foreclosure) वा आफ्नो युटिलिटीहरू बन्द हुने जस्ता अवस्थाको सामना गर्दै हुनुहुन्छ । के तपाईंले बस्नको लागि ठाउँ पाए पनि प्रतिभूती निक्षेप (security deposit), पहिलो महिनाको भाडा, वा युटिलिटी धरौटी तिर्ने पैसा जुटाउन सकिराख्नुभएको छैन ? यदि तपाईं यी परिस्थितिहरू मध्ये कुनैसँग जुधिरहनुभएको छ भने हामी तपाईंलाई मद्दत गर्न सक्छौं ।

यदि तपाईं निम्नहरू मध्ये कुनैको सामना गर्दै हुनुहुन्छ वा तपाईंलाई कुनैबाट खतरा छ भने आकस्मिक रकमहरू उपलब्ध हुनसक्छ:

- बेघर (आवासहीनता);
- युटिलिटी बन्द हुने; वा
- ताप, तातो पानी वा खाना पकाउने इन्धन नहुने ।

**आकस्मिक सहयोग [Emergency Assistance (EA)] ले परिवारहरूलाई आफ्नो घर पाउन वा भएको घरलाई कायम राखिराख्न मद्दत गर्छ । EA ले भाडा वा युटिलिटी प्रतिभूती निक्षेप, पहिलो महिनाको भाडा, इन्धन सेवा, र तिर्न बाँकी रहेको भाडा, धितो, वा युटिलिटी ऋणहरू भुक्तान गर्न मद्दत गर्छ ।**

## के मैले EA प्राप्त गर्न सक्छु ?

EA सहायता प्राप्त गर्न तपाईं Financial Assistance to Needy Families (FANF) (जरूरतमन्द परिवारको लागि वित्तीय सहयोग) को नगद सहयोगको लागि योग्य भएको वा पहिले देखि नै यसलाई प्राप्त गर्दै गरेको हुनुपर्छ । यो भनेको तपाईं आफूसित सँगै बस्ने बच्चाको नजिकको नातेदार हुनुपर्ने लगायत तपाईंले FANF कार्यक्रमको सबै आवश्यकताहरू पूरा गरेको हुनुपर्छ । यद्यपि, तपाईं नजिकको नातेदार नभएतापनि यदि बच्चा तपाईंले आवेदन दिने महिना भन्दा अगाडिको 6 महिनाको भित्रको कुनै समयमा नजिकको नातेदारसँग बसेको भएमा तपाईं EA को लागि योग्य हुन सक्नुहुन्छ ।

## मैले EA कसरी प्राप्त गर्न सक्छु ?

तत्काल आवेदन प्रिन्ट गर्नको लागि <u>http://www.dhhs.nh.gov/dfa/tanf/documents/emergencyapplication.pdf</u> मा जानुहोस् वा आवेदनको लागि तपाईंले आफ्नो स्थानीय DHHS District Office (DHSS डिस्ट्रिक कार्यालय) लाई सम्पर्क गर्न सक्नुहुन्छ । तपाईंले यस आवेदन फारामलाई पूरा भरेर हस्ताक्षर गर्नुपर्नेछ, र हामीलाई आकस्मिक परिस्थितिको प्रमाण तथा यसलाई समाधान गर्न तपाईंलाई आवश्यक परेको रकमको जानकारी दिनुपर्नेछ । प्रमाणको प्रकार निम्नहरू मध्ये कुनैपनि हुनसक्छ:

- बिल, भाडा सम्झौता वा तपाईंको घरधनीको हस्ताक्षर तथा मिति लेखिएको अन्य कुनै कागजपत्र । यसले हामीलाई प्रतिभूती निक्षेपको रकमको जानकारी दिएको हुनुपर्छ;
- युटिलिटी कम्पनीको बिल वा उक्त कम्पनीबाट प्राप्त हस्ताक्षर तथा मिति भएको विवरण । यसले हामीलाई युटिलिटी धरौटीको रकमको जानकारी दिएको हुनुपर्छ;
- युटिलिटी कम्पनीबाट प्राप्त सेवा समाप्तिको नोटिस, बिल वा विवरण । यसले हामीलाई तपाईंले युटिलिटीलाई तिर्नुपर्ने रकमको जानकारी दिएको हुनुपर्छ;
- बेदखलीको नोटिस, अदालतको आदेश, आवास खाली गर्ने जानकारी दिने नोटिस, वा वास्तविक अथवा विचाराधीन बेदखलीको लागि भाडाको निम्ति हस्ताक्षर र मिति भएको लिखित माग । यसले हामीलाई घरधनीको नाम र तपाईंले तिर्न बाँकी रहेको भाडाको रकमको जानकारी दिएको हुनुपर्छ; वा
- रोकावटको नोटिस, अदालतको आदेश, वा रोकावटको कार्यवाही शुरू गर्ने धितोको साँवा तथा ब्याजको लागि हस्ताक्षर र मिति भएको लिखित माग । यसले हामीलाई धितोकर्ताको नाम र तपाईंले धितो स्वरूप तिर्न बाँकी रहेको रकमको जानकारी दिएको हुनुपर्छ ।

के तपाईंलाई आवश्यक प्रमाण प्राप्त गर्न सहयोग चाहियो ? हामीलाई जानकारी दिनुहोस् र हामी सहयोग गर्न सक्छौं ।

तपाईंले हामीलाई निम्न कुराहरू पनि उपलब्ध गराउनु पर्नेछ:

- तपाईंको घरपरिवारको आयको प्रमाण;
- तपाईं स्वयंलाई मद्दत गर्ने कुराहरूको जानकारी, जस्तो कि आफूसँग रहेको नगद, चेकिंग तथा बचत खाताहरू, गुठीका कोषहरू, निक्षेपको प्रमाणपत्रहरू, शेयर तथा ऋणपत्रहरू, संघीय, राज्य वा स्थानीय आयकर रिफण्डहरू, इन्धन सहयोग अनुदानहरू, र उपार्जित आयकर क्रेडिटहरू;
- हामीबाट प्राप्त सहयोगले तपाईंको आकस्मिक परिस्थितिलाई समाधान गर्छ भन्ने प्रमाण (उदाहरणको लागि, यस आकस्मिक परिस्थितिमा हामीले एक पटक सहयोग गरिसके पश्चात तपाईंले आगामी महिनाहरूको मासिक बिलहरू भुक्तान गर्न सक्नुहुनेछ भन्नेको प्रमाण); र
- तपाईंको स्थानीय इन्धन सहयोग कार्यक्रम (Fuel Assistance Program) बाट प्राप्त हस्ताक्षर तथा मिति भएको विवरण । <u>यदि तपाईं युटिलिटी धरौटी, तिर्न बाँकी रहेको युटिलिटी कर्जाको सम्बन्धमा वा आफ्नो घरमा ताप उत्पादन गर्ने इन्धन सेवाको लागि मद्दत खोजिरहनुभएको छ</u> भने यसले हामीलाई तिनीहरूले तपाईंलाई किन मद्दत गर्न सकिरहेका छैनन् भनेर जानकारी दिएको हुनुपर्छ ।

## मैले कति EA प्राप्त गर्न सक्छु ?

EA को पैसा सीमित छ । आफ्नो आकस्मिक आवश्यकता पूरा गर्नको लागि सर्वप्रथम आफ्नो व्यक्तिगत श्रोतसाधनहरू प्रयोग गरिनुपर्छ । EA को रकमहरू तपाईंको आफ्नो श्रोतसाधनहरूले सक्नेजति भुक्तान गरिसके पश्चात तिर्न बाँकी रहेको रकम भुक्तान गर्न प्रयोग गरिनुपर्छ, तर भुक्तानीहरू निम्न अधिकतम रकमहरू भन्दा बढी हुनुहुँदैन:

- घरलाई तताउने इन्धनको लागि $700;
- युटिलिटी प्रदायकद्वारा युटिलिटी धरौटीहरूको लागि लिने शुल्कको रकम;
- भाडाको आवासको प्रतिभूती निक्षेपहरूको लागि $650 <u>*वा*</u> पहिलो महिनाको भाडा, <u>*वा*</u> कुल राशी $650 भन्दा बढी नभएमा <u>*दुवै*</u>; र
- 2 महिनाको तिर्न बाँकी रहेको भाडा, धितो, वा युटिलिटी भन्दा बढी नहुनेगरि ।

## EA पर्याप्त नभएमा के गर्ने ?

कहिलेकाहीँ तपाईंलाई आफ्नो आकस्मिकतालाई समाधान गर्न आवश्यक पर्ने पैसा हामीले तपाईंलाई दिनसक्ने EA भुक्तानी भन्दा बढी हुन्छ । यदि त्यस्तो भएमा तपाईंले हामीलाई हामीले तपाईंलाई दिएको आंशिक भुक्तानीले तपाईंको समस्यालाई समाधान गर्नेछ भन्ने प्रमाण दिनुपर्छ । तपाईंले हामीले निम्न कुराहरू उपलब्ध गराउनु पर्नेछ:

- कुनै साथी, परिवारको अन्य सदस्य, वा संस्था जस्तो बाहिरी श्रोतबाट हस्ताक्षर तथा मिति भएको बयान । तिनीहरूले हामीलाई तिर्न बाँकी रहेको शुल्कको बाँकी हिस्सा भुक्तान गर्ने वाचा गरेको जानकारी दिएको हुनुपर्छ; **वा**
- तपाईंको घरधनी, धितोकर्ता, युटिलिटी, वा घर तताउने इन्धन सेवा दिने कम्पनीबाट प्राप्त हस्ताक्षर तथा मिति भएको विवरण । तिनीहरूले हामीलाई तपाईंले तिर्न बाँकी रहेको शुल्कलाई भुक्तानी गर्न भुक्तानी योजना प्रयोग गर्न सक्ने जानकारी दिएको हुनुपर्छ ।

## याद राख्नुहोस्

तपाईंले आफ्नो आकस्मिकतामा भुक्तान गर्न आफ्नो सम्पूर्ण व्यक्तिगत श्रोतसाधनहरू नभएर केही श्रोतसाधनहरू प्रयोग गर्नु पर्नेछ । EA सहयोग 12-महिने अवधि सम्म सीमित हुन्छ जो पहिलो EA भुक्तानी स्वीकृत भएपछि शुरू हुन्छ । अधिकांश EA भुक्तानीहरू निम्न अवस्थाहरू बाहेक 12-महिने अवधिमा एक पटक मात्र स्वीकृत गर्न सकिन्छ:

- घर तताउने इन्धन सेवा जोकी 6 पटक सम्म स्वीकृत गर्न सकिनेछ; र
- 12-महिने अवधिमा पछिल्लो पटक स्वीकृत गरिएको रकम पहिलाको घरधनीले फिर्ता गरेमा वा फिर्ता गर्ने भएमा भाडाको प्रतिभूती निक्षेपहरू ।

**टिप्पणी:** भाडाको प्रतिभूती निक्षेपहरू **तथा** तिर्न बाँकी रहेको भाडा वा धितो समान 30-दिने अवधि भित्रमा स्वीकृत गर्न सकिनेछैन ।

**यदि तपाईंसँग कुनै प्रश्न भएमा...** कृपया 1-800-852-3345 एक्सटे. 9700 वा आफ्नो स्थानीय DHHS District Office लाई सम्पर्क गर्नुहोस् ।

**स्वास्थ्य तथा मानव सेवा विभाग डिस्ट्रिक कार्यालयहरू [Department of Health and Human Services (DHHS) District Offices]**

| | |
|---|---|
| **BERLIN (बर्लिन)**<br>650 Main St., Ste. 200<br>Berlin, NH 03570<br>603-752-7800 or<br>800-972-6111 | **LITTLETON (लिटलटन)**<br>80 North Littleton Road<br>Littleton, NH 03561<br>603-444-6786 or<br>800-552-8959 |
| **CLAREMONT (क्लेरमोन्ट)**<br>17 Water St., Ste. 301<br>Claremont, NH 03743<br>603-542-9544 or<br>800-982-1001 | **MANCHESTER (म्यानचेस्टर)**<br>1050 Perimeter Road,<br>Suite 501<br>Manchester, NH 03103-3303<br>603-668-2330 or<br>800-852-7493 |
| **CONCORD (कोनकर्ड)**<br>40 Terrill Park Drive<br>Concord, NH 03301<br>603-271-6201 or<br>800-322-9191 | **SOUTHERN (साउथर्न)**<br>3 Pine St. Ext., Ste. Q<br>Nashua, NH 03060<br>603-883-7726 or<br>800-852-0632 |
| **CONWAY (कोनवे)**<br>73 Hobbs Road<br>Conway, NH 03818<br>603-447-3841 or<br>800-552-4628 | **SEACOAST (सिकोस्ट)**<br>50 International Dr<br>Portsmouth, NH 03801<br>603-433-8380 or<br>800-821-0326 |
| **KEENE (किन)**<br>111 Key Road<br>Keene, NH 03431<br>603-357-3510 or<br>800-624-9700 | **ROCHESTER (रोचेस्टर)**<br>150 Wakefield St., Ste 22<br>Rochester, NH 03867<br>603-332-9120 or<br>800-862-5300 |
| **LACONIA (लाकोनिया)**<br>65 Beacon Street West<br>Laconia, NH 03246<br>603-524-4485 or<br>800-322-2121 | |

**बहिराका लागि दूरसञ्चार उपकरण सम्मको पहुँच:**
**NH 1-800-735-2964 वा 711 मा प्रसारण**

DFA Form 77R(Ne)
06/15 rev 5/16
DFA SR 15-15

# आवासको लागि आकस्मिक सहयोग [Emergency Assistance (EA)]:

# तपाईंले थाहा पाउनुपर्ने जरूरी जानकारीहरू

स्वास्थ्य तथा मानव सेवा विभाग
(Department of Health and Human Services)
पारिवारिक सहायता डिभिजन
(Division of Family Assistance)
गवर्नर ह्युज जे गलेन
(Governor Hugh J Gallen)
1050 Perimeter Road, Suite 501
Manchester, NH 03103-3303
www.dhhs.nh.gov/DFA